# प्रेस विज्ञप्ति- २१७

# Press Release-217

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०२।११ गते।

# ठूलो परिमाणमा नियन्त्रित लागु औषध मनोद्विपक पदार्थ सहित १ जना मानिस पक्राउ

लामो समय देखिको खबर संकलन, निग्रानी पश्चात लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले मिति **२०७५/०२/१० गते** जिल्ला संखुवासभा पाँचखपन नगरपालिका वडा नं. ३ ठेगाना भएका वर्ष ५४ को सोम प्रसाद राईलाई नियन्त्रित लागु औषध डाईजेपाम १६५० एम्पुल बुप्रिनोर्फिन १६५० एम्पुल, फेनारगन १६५० एम्पुल गरी **जम्मा ४९५० एम्पूल** सहित जिल्ला काठमाण्डौ, का.म.न.पा.न.वडा नं. २७ जमल स्थित सडक किनारबाट पक्राउ गरि कानूनी कारवाही अगाडि बढाईएको छ । पक्राउ परेका सोम प्रसाद राई विगत लामो समय देखि नेपाल-भारत सीमाबाट नियन्त्रित लागु औषधको कारोवारमा सक्रिय भई काठमाण्डौ लगायत नेपालका प्रमुख शहरहरुमा लागु औषधको कारोवार गर्ने संजालको एक मुख्य व्यक्ति समेत भएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

निज उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com



नियन्त्रित लागु औषध